स्थानीय सरकार

# मध्यपुर थिमि नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बागमती प्रदेश, भक्तपुर नेपाल

## सिलबन्दी प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित मितिः- २०८२/०८/१२

मध्यपुर थिमि नगरपालिका वडा नं. ४ स्थित शंखरधरचोकमा अवस्थित कलात्मक दुई तल्ले संरचना (भा-फल्चा) र शंखधरचोकबाट बालकुमारी जाने सडक किनारामा अवस्थित तपसिलमा उल्लेखित संरचनाहरू तपसिलमा उल्लेखित प्रयोजन र अवधिका लागि बहालमा लगाउनु पर्ने भएकोले तोकिएका शर्त, नियम तथा परिधिभित्र रही बहालमा लिन इच्छुक कम्पनी, फर्म तथा नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कम्पनी/फर्म दर्ताको प्रमाणपत्र, स्थायी लेखा नम्बर/मु.अ.क. प्रमाणपत्र, आ.व २०८१/०८२ को कर चुक्ताको प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि संलग्न राखि सिलबन्दी प्रस्ताव पेश गर्नहुन अनुरोध गरिन्छ ।

### तपसिल

| सूचना नं. | बहालमा लगाईने संरचनाको विवरण | संख्या (वटा) | बहालमा लगाईने क्षेत्रफल (ब.फु.) *Inter room area* | न्यूनतम मासिक बहाल रकम | धरौटी रकम (रू) | अवधि |
|---|---|---|---|---|---|---|
| १/२०८२/०८ ३-राजस्व | कलात्मक संरचना (भा-फल्चा)मा क्याफे संचालन गर्ने | १ वटा | ६८०.३५ ब.फि | रू. १,३६,०७० | ८२,००० | ५ वर्ष |
| २/२०८२/०८ ३-राजस्व | ATM Lounge सञ्चालन गर्ने | १ वटा | १००.८१ व.फि. | रू.४०,००० | २४,००० | १० वर्ष |
| ३/२०८२/०८ ३-राजस्व | पसल कवलहरूमा स्थानीय कला, सँस्कृति, परम्परासँग सम्वन्धी व्यवसाय सञ्चालन गर्ने । | ८ वटा | ४९.१३ व.फि. | रू.५,००० | ३,००० | ५ वर्ष |
| | | २ वटा | १००.८१ व.फि. | रू.१०,१०० | ६,००० | ५ वर्ष |

***स्पष्टीकरणः -***

(क) सूचना नं. १ मा सम्बन्धित काम गर्ने गरी सम्बन्धित निकायमा दर्ता भएका फर्म/कम्पनीहरुले प्रस्ताव पेश गर्न सकिनेछ भने सूचना नं. २ र ३ मा ईच्छुक व्यक्ति, फर्म, कम्पनीहरुले प्रस्ताव पेश गर्न सक्नेछन् ।

(ख) सूचना नं. ३ मा पसल कबलहरुलाई शंखधरचोकबाट बालकुमारी जाँदा सडक किनाराको पश्चिमतर्फ रहेका आठवटा कबलहरूलाई क्रमशः(१क),(१ख), (२क), (२ख), (३क), (३ख), (४क), (४ख) संकेत गरिएका छन् भने ठूलो दुईवटा कबलहरूलाई क्रमशः (५) र (६) नम्बर गरी संकेत गरिएका छन् । प्रस्तावमा आफूले छानेको कबल नम्बर स्पष्टरुपमा उल्लेख गरेको हुनुपर्नेछ । एक व्यक्तिले एउटा र एक परिवारबाट एक सदस्यले मात्र प्रस्ताव पेश गर्न सक्नेछ । **निम्न किसिमभित्र पर्ने पसल संचालन गर्नुपर्नेः**

१. **स्थानीय परम्परा, कला र सँस्कृतिसँग सम्बन्धित व्यवसायहरू** जस्तैः –जन्म तथा मृत्यु सँस्कारसँग सम्वन्धित वस्तुहरू जस्तैः श्राध्द ,जङ्को ,गुफा राख्ने ,ईहि ,ब्रतबन्ध ,विवाह , लगायतका विभिन्न उत्सवसँग सम्वन्धित र विभिन्न चाडपर्वसँग सम्बन्धित वस्तुहरूको व्यापार गर्ने आदि लगायतका व्यवसायहरू ,

२. **स्थानीय शीप र प्रविधिमा आधारित व्यवसायहरू** जस्तैः –माटो तथा सेरामिक्सका भाँडाकुडा र कलात्मक सामग्रीहरू, स्थानीय प्रविधिमा आधारित तोरिको तेल, चिउरा, मुकुन्दो, चाकु, पुष्टकारी आदी लगायतका अन्य व्यवसायहरू,

ओज राज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

३. स्थानीय भेषभूषा र रहनसहनसँग सम्बन्धित व्यवसायहरू जस्तैः –नेवारी परम्परागत सिङ्गारपतारका सामग्री परम्परागत गरगहना ,आदि लगायतका सामग्रीहरू,

४. मूर्तिकला सम्बन्धी व्यवसायहरू जस्तैः– माटो र धातुका मूर्तिहरू सजावटका सामग्रीहरू ,आदि,

५. धातुकला सम्बन्धी व्यवसायहरू जस्तैः तामा, ढलौट, पितल लगायतका विभिन्न धातुका सामग्रीहरू र भाँडाकुडाहरू

६. काष्ठकला सम्बन्धी व्यवसायहरू जस्तैः– काठका विभिन्न सामग्रीहरू जस्तैः कलात्मक झ्यालढोका, टिकिझ्याल, फ्रेम, सजावतका सामग्रीहरू आदी लगायत ।

७. चित्रकला सम्बन्धी व्यवसायहरू जस्तैः– थाङ्का ,पौभा ,मूर्त तथा अमूर्त चित्रहरू

८. हस्तकला र धार्मिक महत्वका सामग्रीको व्यवसायहरू जस्तैः – गरगहनाका सामग्रीहरू, स्थानीय धुप बत्ती पूजा सामग्रीहरू, हस्तकलाका उपहार सामग्रीहरू आदी ।

**शर्त तथा बन्देजहरूः-**

१. सिलबन्दी प्रस्ताव यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समयभित्र यस कार्यालको राजस्व शाखाबाट रू.१,०००।-(एकहजार रुपैंया मात्र । फिर्ता नहुने गरी) तिरि खरिद गर्न सकिनेछ । उक्त सिलबन्दी प्रस्ताव १६ औं दिनको १२:०० बजेभित्र मध्यपुर थिमि नगरपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ । प्राप्त सिलबन्दी प्रस्तावहरू सोही दिन दिनको २:०० बजे देखि प्रस्तावकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । प्रस्ताव खोल्दा प्रस्तावकर्ता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि खोल्न बाधा पर्ने छैन ।

२. सिलबन्दी प्रस्तावको साथमा यस कार्यालयको नाममा नेपाल बैंक लिमिटेड थिमि शाखामा रहेको धरौटी खाता नम्बर ग-३-१-२३३०३००००३०००००००१ मा रकम जम्मा गरेको सक्कल भौचर संलग्न गर्नुपर्ने छ ।

३. छनौट भएको प्रस्तावकर्ताले सम्झौता अगावै आफूले कबुल गरेको बहाल रकमको तिन महिना बराबरको रकम धरौटीको रुपमा र तिन महिनाको बहाल रकम अग्रिम रुपमा बुझाउनु पर्नेछ ।

४.. सिलबन्दी प्रस्ताव फाराम दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसको लगतै कार्यालय खोलिने दिन प्रस्ताव दाखिला गर्न र खोल्न सकिनेछ ।

५. सिलबन्दी प्रस्ताव पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने अधिकार यस नगरपालिकामा सुरक्षित रहने छ ।

६. कबोल मासिक बहाल रकम अङ्क र अक्षर दुबैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । साथै पेन्सिलले लेखेकोलाई मान्यता दिईने छैन । साथै टिपेक्स लगाएको वा काटेको ठाउँमा हस्ताक्षर गरेको हुनुपर्नेछ ।

७. सबैभन्दा बढि मासिक मासिक बहाल प्रस्ताव गरिएको प्रस्तावकर्तालाई तोकिएको संरचना वहालमा दिईनेछ ।

८. म्याद नाघी आएको वा रीत नपुगेको वा कुनैं पनि शर्त राखि पेश गरेको प्रस्तावपत्र उपर कुनैं कारवाही हुनेछैन ।

९. थप जानकारीको लागि मध्यपुर थिमि नगरपालिका राजस्व प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ ।

मनोज राज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका

CamScanner